श्री Diijon DaCosta, Sr., *समितिका अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
श्रीमती Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

बुधवार, जुलाई 24, 2024

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

## DCSD ले विद्यार्थीका लागि विद्यालय निर्धारण परियोजना रहस्योद्घाटन गरेको छ; सल्लाहकार समितिमा आवेदन दिने समयावधि खुला गरेको छ

(STONE MOUNTAIN, Ga)— DeKalb County School District (*DCSD*) विद्यार्थीका लागि विद्यालय निर्धारण परियोजना (*SAP*) सँग सम्बन्धित जानकारी भएको आफ्नो वेबसाइटको थालनी र भवन, सीमा, र कार्यक्रमका लागि SAP सम्बन्धी सुझाव विकास गर्ने कुरामा सहभागी हुनका निम्ति सामुदायिक साझेदारहरूका लागि सल्लाहकार समितिमा आवेदन दिने समयावधिको खुला भएको कुराको बारेमा घोषणा गर्न पाउँदा खुसी छ । SAP सल्लाहकार समिति मा सेवा प्रदान गर्न आवेदन दिने समयावधि शुक्रवार, सेप्टेम्बर 6 सम्म खुला रहनेछ ।

स्कूल डिस्ट्रिक्टले प्रत्येक पाँच वर्षमा सीमा रेखाहरूको पुनरावलोकन गर्नु र प्रत्येक दश वर्षमा विद्यार्थीका लागि विद्यालय निर्धारण प्रक्रिया पूरा गर्नु पर्दछ । यसका अतिरिक्त, वित्तीय प्राथमिकतामा सबै सरोकारवालाहरूको आवाज समेटिन्छ भनेर सुनिश्चित गर्नका निम्ति DCSD को प्रक्रिया ESPLOST को वित्तीय चक्रअनुसार हुनेछ ।

"हामी हाम्रा सबै विद्यार्थीहरूका आवश्यकताहरू सम्बोधन गर्ने समावेशी, समतायुक्त, र विस्तृत विद्यालय निर्धारण परियोजना बनाउन पूर्ण रूपमा प्रतिबद्ध छौं," सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton ले भन्नुभयो । "यो 18 महिने प्रक्रियाले हाम्रो डिस्ट्रिक्टको यस्तो तरिकाले पुनःकल्पना गर्नेछ जसले अझ बढी प्रभावकारी रूपमा सबैका लागि उच्च गुणस्तरीय शिक्षा सुनिश्चित गर्छ ।"

DCSD का लागि, भौगोलिक क्षेत्रहरूमा आधारित, चार सल्लाहकार समितिहरूले डिस्ट्रिक्टको तथ्याङ्क र सामुदायिक सुझाव प्रयोग गरेर सिफारिसहरू विकास गर्नेछन् । यी समितिहरूको नाम क्षेत्रका आधारमा वर्णानुक्रमअनुसार उल्लेख गरिएका छन्:

- केन्द्र: Druid Hills, Clarkston, Tucker, Stone Mountain
- उत्तर: Dunwoody, Chamblee, Cross Keys, Lakeside
- दक्षिणपूर्व: Lithonia, MLK, Miller Grove, Redan, Stephenson
- दक्षिणपश्चिम: Cedar Grove, Columbia, McNair, Towers, Southwest DeKalb

यो प्रक्रियाभर, डिस्ट्रिक्टले विद्यार्थी सेवाहरू सुधार गर्न आफ्ना कार्यक्रमहरू, सीमाहरू, र भवनहरूको राम्रोसँग पुनरावलोकन गर्ने योजना बनाएको छ । सल्लाहकार समितिले सिफारिसहरू प्रस्ताव गर्नेछ र सुपरिन्टेन्डेन्ट तथा शिक्षा बोर्डले सिफारिसहरूको पुनरावलोकन गर्नेछन् । बोर्डले सिफारिसहरूको बारेमा मतदान गर्नु अगाडि, प्रभावित समुदायको सुझाव प्राप्त गर्न प्रारम्भिक प्रस्ताव उनीहरू समक्ष प्रस्तुत गरिनेछ ।

DCSD सबै नागरिकहरूलाई विद्यार्थीका लागि विद्यालय निर्धारण परियोजना (Student Assignment Project) को बारेमा थप जानकारी प्राप्त गर्न र सल्लाहकार समितिमा बसेर सेवा प्रदान गर्नका लागि आवेदन दिने बारेमा विचार गर्न प्रोत्साहित गर्छ । थप जानकारीका लागि, कृपया यहाँ भएको DCSD को SAP वेबपृष्ठ मा जानुहोस् । SAP सल्लाहकार समिति मा बसेर सेवा प्रदान गर्नका लागि आवेदन दिन, यहाँ हेर्नुहोस् ।

XXX